आज मिति २०७६ चैत्र १७ गते सोमबार रत्ननगर नगरपालिकाका नगर प्रमुख श्री नारायण बनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा छलफल कार्यक्रम सम्पन्न भयो।

उपस्थिती

| | |
|---|---|
| १. श्री नारायण बन | नगर प्रमुख |
| २. श्री बिमलादेवी दुवाडी | नगर उप-प्रमुख |
| ३. श्री टुवराज पोखरेल | प्र. प्र. अ. |
| ४. श्री गुप्तनाथ भट्टराई | वडा अध्यक्ष, वडा नं. ३ |
| ५. श्री बलराम दाहाल | वडा अध्यक्ष, वडा नं. ६ |
| ६. श्री केशव आचार्य | वडा अध्यक्ष, वडा नं. १० |
| ७. श्री तिलकराज शर्मा | वडा अध्यक्ष, वडा नं. २ |
| ८. श्री राजाराम रेग्मी | अध्यक्ष, र. उ. वा. संघ |
| ९. श्री माधव प्र. पौडेल | स्वास्थ्य शाखा प्रमुख |
| १०. श्री होमनाथ सापकोटा | प्रेश संयोजक |
| ११. श्री रविन कार्की | प्रहरी नायव उपरिक्षक |
| १२. श्री नरहरि श्याम शर्मा | सि. ई. ब. अधिकृत |
| १३. श्री विश्वास श्रेष्ठ | अधिकृत छैठौं |

प्रस्ताव :

१. न्यून आय भएका विपन्न वर्गको पहिचान सहित राहत विवरण संकलन गर्ने सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं १ उपर छलफल गर्दा मिति २०७६/१२/१६ गते गृह मन्त्रालयबाट आपूर्ति व्यवस्थापनलाई सहज बनाउने विषयमा गरिएको निर्णय बमोजिम तपशिल बमोजिमको निर्णहरु गरियो ।

क. गृह मन्त्रालयको मिति २०७६/१२/१६ गते आपूर्ति व्यवस्थापनलाई सहज बनाउने विषयमा गरिएको निर्णय अक्षरस पालना गर्ने ।

ख. रत्ननगर नगरपालिकामा रहेका ज्याला, मजदुरी गर्ने हालको स्थितीमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने विपन्न वर्गहरुको घरधुरी सहितको विवरण वडा कार्यालय तत्काल संकलन गर्ने ।

ग. पहिचान गरिएका ज्याला मजदुरी गर्ने, हालको स्थितीमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने विपन्न वर्गहरुलाई ४ जना सदस्य भएको र ४ जना भन्दा बढी सदस्य रहेको परिवारलाई निम्नानुसार राहत प्याकेज वितरण गर्ने निर्णय गरियो ।

| **४ जना सदस्य भएको परिवारको लागि :** | **४ जना भन्दा बढी सदस्य भएको परिवारको लागि :** |
|---|---|
| चामल : २० के.जी. | चामल : २५ के.जी. |
| दाल : २ के.जी | दाल : २ के.जी |
| नुन : १ पोका | नुन : १ पोका |
| तेल : १ लिटर | तेल : १ लिटर |
| साबुन : १ पिस | साबुन : १ पिस |

Date : ..................................
Page: ..................................

घ. निर्णय भएको उल्लेखित राहत प्याकेज सस्तो मूल्यमा उपलब्ध गराउन सक्ने ईच्छुक थोक विक्रेताले यसै निर्णयलाई आधिकारिक सूचना मानि २४ घण्टा भित्र रत्ननगर नगरपालिकाको स्वास्थ्य शाखामा दर रेट पेश गर्नको लागि एम.एम. फेसबुक, Website लगायतका माध्यमबाट सूचना संप्रेषण गरिने निर्णय गरियो । साथै, सबैभन्दा घटी दर रेट पेश गर्ने थोक विक्रेता छनौट हुना साथ आपूर्तीको व्यवस्था मिलाउनु पर्ने र आफै खरिद गर्न सक्ने स्थानीय बासिन्दाको हकमा पनि सोही दर रेटमा बिक्री वितरण गर्नुपर्ने शर्त लागु गरिने निर्णय गरियो ।

ङ. राहत प्याकेज दिने र लिने दुबै जनाले COVID-19 सन्दर्भमा संक्रमण सुरक्षा सामाग्री (मास्क, ग्लोबस्, साबुन पानीले हात धुने) प्रयोग गर्नुपर्ने निर्णय गरियो ।